Regd. No. 161420/073/07

# Balephi Hydropower Ltd.

Upper Balephi 'A' Hydropower Project (36MW)

Ref. No.: ३२६|०८१|०८२

मिति २०८१/११/२२

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं.: ४२६८
मिति: २०८१/१२/४

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री अभौतिकरण तथा निक्षेप
महाशाखा
मितिः २०८१/१२/४

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

**विषय : लकइन अवधि (Lock-In Period) समाप्त हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीका संस्थापक शेयरधनीहरु, स्थानिय बासिन्दाहरु र कर्मचारीहरुको लागि बाँडफाँट गरिएको शेयर मिति २०७८/१२/२९ गते बाट तीन वर्षसम्म लकइन अवधिमा राखिएकोमा, उक्त शेयरहरुको मिति २०८१/१२/२९ मा लकइन (Lock-In) अवधि समाप्त हुने भएकोले सो सम्बन्धि सूचना मिति २०८१/११/२२ गते बिहीबारको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको जानकारी गराउँदछौं । साथै उक्त सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरि तहाँको जानकारी तथा अभिलेखका लागि पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यवाद !

भवदीय,

..................

अस्मिता अधिकारी
(कम्पनी सचिव)

# बलेफी हाईड्रोपावर लिमिटेड
# BALEPHI HYDROPOWER LIMITED

रजिष्ट्र्ड कार्यालयः का.जि.. का.म.न.पा. वडा नं. १
फोन नं.: +९७७-१-५९२१९१२, फ्याक्स नं.: ०१-५९०५००४
इमेलः info.balephi@gmail.com वेबसाईटः www.balephihydro.com

## लकइन (Lock In) अवधि समाप्त हुने बारेको जरुरी सूचना

यस कम्पनीको स्थानीय बासिन्दाहरुको लागि मिति २०७८/१०/२७ गतेदेखि मिति २०८/११/२६ गतेसम्म तथा सर्वसाधारणमा (कर्मचारी समेत) मिति २०७८/१२/१६ गतेदेखि मिति २०७८/१२/२१ गतेसम्म निष्काशन तथा विक्री खुल्ला गरि सर्वसाधारणको लागि मिति २०७८/१२/२९ गते शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ। धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ (१) बमोजिम यस कम्पनीको सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट गरिएको मिति (अर्थात मिति २०७८/१२/२९ गते) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनीहरुले धारण गरेको शेयर, स्थानिय बासिन्दाहरु तथा कर्मचारीहरुलाई बाँडफाँट गरिएको शेयर लकइनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लकइनमा राखिएको र उक्त शेयरको मिति २०८१/१२/२९ गते लकइनको समयावधि समाप्त हुने हुँदा संस्थापक शेयरधनीहरु, स्थानिय बासिन्दाहरु, कर्मचारीहरु तथा नियामक निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संस्थापक शेयरधनी, स्थानीय बासिन्दाहरु, कर्मचारीहरुको लकइनमा रहेको शेयर सम्बन्धी विवरणः**

| क्र.सं. | समूह | शेयर संख्या |
|---|---|---|
| १. | संस्थापकहरुको शेयर | १,४६,२३,७६० |
| २. | स्थानीय बासिन्दाहरुको शेयर | १८,२७,९७० |
| ३. | कर्मचारीहरुको शेयर | ७३,११९ |
| | **जम्मा शेयर** | **१,६५,२४,८४९** |

**नोटः** सञ्चालक सदस्य रहेका व्यक्ति तथा कम्पनीको उच्च तहमा रहेका कर्मचारीहरुले भने पदमा रहेसम्म तथा पदबाट हटेपछि एक वर्षसम्म शेयर खरिद बिक्री गर्न पाइने छैन।